## प्रदेश बीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक

## को प्रतिवेदन

मन्त्रालयबाट प्राप्त विधेयकमा माननीय प्रदेश सभा सदस्यज्यूहरु तथा समितिबाट देहाय अनुसार थप भएको

प्रस्तावना: राख्दै प्रदेश र देशमा खाद्यान्न व्यवस्था सुरक्षित गर्न

परिच्छेद - १

प्रारम्भिक

२. परिभाषा:

(ख) "केन्द्र" मधेश .................वाली विज्ञन .........

(त) प्रयोग शाला भन्नाले हाल स्थापित प्रयोगशाला बुझिन्छ। यसले गर्ने काम दफा ७ बमोजिमको केन्द्रले गर्नेछ ।

परिच्छेद-२

संस्थागत व्यवस्था

३. प्रदेश बीउ बिजन समिति:

(क) मन्त्री मन्त्रालय कृषि तथा भूमि व्यवस्था - अध्यक्ष

(ख) कृषि तथा भूमि व्यवस्थापन समितिबाट एक जना तोकिएको माननीय प्र.स.स. सदस्य

(ज) बीउ बिजक उत्पादक र कृषकहरु मध्येबाट मन्त्रालयद्वारा मनोनीत सदस्य एक जना महिला सहित तिन जना

(ञ) कृषि सम्बन्धी विज्ञ दुई जना - सदस्य

(२) उपदफा (१) को खण्ड (ज) र (झ) .......................... तीन

४. समितिको बैठक: (१) .............चार ......

५.समितिको काम, कर्तव्य र अधिकार:

(ठ) दफा ११,१६,१७,१८,१९ र ३२ बमोजिम अनुमति पत्रको लागि परीक्षा सम्बन्धी व्यवस्था गर्ने।

६. उप-समितिहरु गठन गर्न

७. मधेश प्रदेश ........... वाली विज्ञान

(२) .......... सचिवालयका

८. मधेश प्रदेश बीउ बिजन तथा वाली विज्ञान एवं गुणस्तर नियन्त्रण केन्द्रको काम, कर्तव्य र अधिकारः

(च) बीउ बिजन गुणस्तर नियन्त्रण तथा प्रमाणीकरण सम्बन्धी आवश्यक तरिका तथा मापदण्डका विषयमा मस्यौदा तयार गरी समितिमा पेश गर्ने,

(छ) औपचारिक वा अनौपचारिक बीउ प्रणालीबाट उत्पादन तथा आपूर्ति हुने बीउ बिजनको गुणस्तर निर्धारण, नियमन तथा अभिलेखन सम्बन्धी कार्य गर्ने,

(ज) बीउ बिजन परीक्षण तथा प्रमाणीकरण गर्ने, गराउने,

(झ) बीउ बिजनका किसिम वा जात उन्मोचन वा दर्ता गर्ने प्रयोजनका लागि प्राप्त निवेदन समितिमा पेश गर्ने,

(ञ) बीउ बिजनको गुणस्तर नियमनका लागि बजारको अनुगमन गर्ने,

(ट) समितिको निर्णय अनुसार बीउ बिजन बिक्री वितरण अनुमतिपत्रका लागि आवश्यक तालिम सञ्चालन गर्ने, गराउने,

(ठ) बीउ बिजनको निकासी तथा पैठारीका लागि स्वीकृति दिने तथा गुणस्तर नियन्त्रण सम्बन्धी कार्य गर्ने,

(ड) बीउ बिजनको वासलात तयार गर्ने,

(ढ) तन्तु प्रजनन प्रयोगशाला स्थापनाका लागि समितिबाट स्वीकृत मापदण्ड बमोजिम अनुमतिपत्र प्रदान गर्ने तथा प्रमाण्णीकरणसँग सम्बन्धित परीक्षण गर्ने गराउने,

(ण) प्रदेश र स्थानीय स्तरमा स्थापना हुने बीउ बिजन परीक्षण प्रयोगशालालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बीउ बिजनको परीक्षण र सो सम्बन्धी कार्य गर्न सहजीकरण गर्ने तथा प्रयोगशालामा कार्यरत प्राविधिकको क्षमता अभिवृद्धिको कार्य गर्ने,

(त) बीउ बिजन निरीक्षक र बीउ बिजन विश्लेषकको काम कारबाहीको अनुगमन गरी समितिमा प्रतिवेदन पेश गर्ने,

(थ) बीउ बिजन प्रमाणीकरण कार्यका लागि आवश्यक बीउ प्रमाणीकरण निस्सा (ट्याग) को व्यवस्थापन गर्ने,

(द) प्रयोगशालाको सुपरीवेक्षण तथा अनुगमन गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने,

(ध) राष्ट्रिय स्तरमा बीउ बिजन क्षेत्रको सुदृढीकरण तथा गुणस्तर नियमनका लागि समितिलाई राय तथा सुझाव उपलब्ध गराउने,

(न)बीउ बिजनको कारणले हुने हानि नोक्सानी, क्षतिपूर्ति लगायतका विषयमा सहजीकरण गर्ने, (ण)

(प) बीउ बिजनको गुणस्तर नियमनका लागि प्रदेश समिति र स्थानीय बीउ बिजन व्यवस्थापन समितिसँग समन्वय गर्ने,

(फ) बीउ बिजन व्यवस्थापन सम्बन्धी डिजिटल प्रणाली तयार गरी कार्यान्वयन गर्ने गराउने ।

(२) प्रयोगशालाको काम, कर्तव्य र अधिकारः प्रयोगशालाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई बीउ बिजनको परीक्षण गरी परीक्षणको नतिजा समितिले तोकेको ढाँचामा समयमा नै सम्बन्धित पक्षलाई उपलब्ध गराउने,

(ख) समितिबाट स्वीकृत मापदण्डका आधारमा बीउ बिजन परीक्षण सम्बन्धी कार्य गर्ने,

(ग) बीउ बिजनका नमूनाको विश्लेषण प्रतिवेदन अद्यावधिक राख्ने,

(घ) समितिको निर्णय अनुसार जातीय शुद्धता परीक्षण सम्बन्धी कार्य गर्ने गराउने,

(ङ) बीउ बिजन परीक्षण प्रयोगशालाको कार्यमा एकरूपता कायम गर्न प्रयोगशालामा मध्यस्थ नमूना (प्रोफिसियन्सी स्याम्पल) पठाउने,

(च) परीक्षणको लागि प्राप्त नमूनाको गार्ड स्याम्पल परीक्षण पश्चात कम्तीमा एक वर्षसम्म बीउ बिजनको गुणस्तरमा असर नपर्ने गरी सुरक्षित साथ भण्डार गर्ने,

(छ) बीउ बिजनको प्रयोगशाला परीक्षण सम्बन्धमा समिति र केन्द्रबाट प्राप्त निर्णय, सुझाव तथा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ज) नेपालमा उत्पादन भएका बीउ बिजनको विदेशमा निकासी गर्नु पर्ने अवस्थामा त्यसरी निर्यात हुने बीउ बिजनको परीक्षण गर्ने गराउने,

(झ) आन्तरिक प्राविधिक परीक्षण गर्ने,

## परिच्छेद ३

## बीउ बिजनको नियमन सम्बन्धी व्यवस्था

११. अनुमतिपत्र लिनु पर्ने: (१) कुनै व्यक्ति वा संस्थाले बीउ बिजनको बिक्री वितरण सम्बन्धी कारोवार गर्न चाहेमा तोकिए बमोजिमको दस्तुर सहित तोकिएको कार्यालयमा तोकिएको अधिकारी समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

२. उपदफ (१) ............. अन्य विषयको डिप्लोमा तह उतिर्ण भए

(४) .......... अगाबै रु ५०,००० (पचास हजार मात्र) धरौटी

(२) उपदफा (१) ................. लागि प्रयोगशालाको सिफारिसमा

(७) गाउँपालिकाको हकमा

१३. अनुमतिपत्र नवीकरण: (१) ऐनको दफा ११ को उपदफा ६ अमोजिमको अनुमतिपत्र बहाल रहने अवधि समाप्त हुनुभन्दा पन्ध्र दिन अगावै तोकिए बमोजिमको दस्तुर बुझाई कार्यालयबाट अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिपछि कसैले अनुमतिपत्र नवीकरण हुन नसकेको मनासिब कारण सहित

अनुमतिपत्र नवीकरणको लागि निवेदन दिएमा थप नब्बे दिनसम्मको लागि कार्यालयले तोकिए वमोजिम थप दस्तुर लिई त्यस्तो अनुमतिपत्र नवीकरण गरी दिन सक्नेछ ।

१४. अनुमतिपत्रको खारेजी: (१) देहायको अवस्थामा बीउ विजन विक्री वितरणको अनुमतिपत्र खारेजी हुनेछ:

(क) ऐनको दफा २२ बमोजिन कृषकलाई उपलब्ध गराउनु पर्ने क्षतिपूर्ति उपलब्ध नगराएमा,

(ख) ऐनको दफा १३ बमोजिम अनुमतिपत्र नवीकरण नगराएमा,

(ग) बीउ बिजनको गुणस्तर नियन्त्रण सम्बन्धमा समितिवाट तयार गरिएको मापदण्ड पालना गरेको नपाइएमा ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी बीउ विजन बिक्री वितरणको अवस्था देखिएमा कार्यालयले जाँचबुझ गरी आफ्नो राय अनुमतिपत्र खारेज गर्नु पर्ने सहितको प्रतिवेदन तयार गरी समितिमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदनबाट वा समितिले जाँचबुझ गरेकोमा सोबाट अनुमतिपत्र खारेज गर्नु पर्ने देखिएमा समितिले सम्वन्धित व्यक्ति वा संस्थालाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश गरेको सफाई चित्त बुझ्दो नदेखिएमा वा सो अविधिभित्र पनि उपदफा (१) को खण्ड (क) बमोजिमको क्षतिपूर्ति उपलब्ध नगराएको भएमा समितिले त्यस्तो संस्थाको बीउ बिजनको बिक्री बितरण अनुमतिपत्र खारेज गर्न सम्बन्धित कार्यालयलाई निर्देशन दिन सक्नेछ ।

(५) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा समितिले अनुमतिपत्र खारेजीको निर्णय नगरेसम्म अनुमतिपत्र निलम्बन गर्न सक्नेछ । तर त्यस्तो निलम्बनको अवधि तीन महिना भन्दा बढी हुने छैन ।

(६) उपदफा (४) बमोजिम अनुमतिपत्र खारेज भएपछि सम्बन्धित व्यक्ति वा संस्थालाई दुई वर्षसम्म पुनः अनुमतिपत्र प्रदान गरिने छैन ।

१५. सुचिकृत बीउबिजनको बिक्री वितरण:

(घ) वीउ विजन विक्री गर्नेले वीउ विजनको दररेट तथा त्यसमा दिइने छुट अनिवार्य सबैले देख्ने गरी लेखेर राख्नु पर्नेछ ।

(ङ) उत्पादन वर्ष,

(च) बीउ बिजनको परीक्षणको मिति,

(छ) लट नं.,

(ज) बीउ बिजन उपयुक्त हुने क्षेत्र,

(झ) बीउ बिजनको तौल,

(ञ) बीउ बिजन बिक्री वितरण गर्ने व्यक्ति वा संस्थाको नाम र लोगो,

(ट) तोकिए बमोजिमको अन्य कुराहरु परिणान, उत्पादन मिति, Expirydate, प्रयोग गर्ने तरिका समेत बाली विशेष अनुसार समितिले निर्धारण गरेका अन्य विवरणहरु ।

(

१६. मूल वा स्रोत बीउ उत्पादनको अनुमति लिनु पर्ने: ............ अन्य विषयको डिप्लोमा उतिर्ण भए

(३) ............... अन्य विषयको डिप्लोमा उतिर्ण भए

१९. वर्णशंकर बीउ उत्पादनको अनुमति लिनुपर्ने: .................. स्नातक